**Patan Pragya** *(Volume: 6, Number: 1 2020)*

Received Date: Jan. 2020 Revised: April 2020 Accepted: June 2020

# ध्रुवचन्द्र गौतमका उपन्यासमा मिथकीय सन्दर्भसार

मल्ल महेन्द्रकुमार, पि.एच.डी

सार :

*अङ्ग्रेजी शब्द 'मिथ' (Myth) को नेपाली रूपान्तरण 'मिथक' हो । साहित्यमा मिथक विषयको स्रोत बनेर आएको हुन्छ । अभिव्यक्तिलाई प्रखर र तीक्ष्ण बनाउन प्रयोगमा आउने मिथक आधुनिक साहित्यमा नयाँ मूल्यवत्ताका साथ प्रकट भएको हुन्छ । ध्रुवचन्द्र गौतमका दर्जनौँ उपन्यासहरूमध्ये 'अलिखित' र 'भीमसेन-४ को खोजी' उपन्यासमा आंशिक मिथकको उपयोग गरिएको छ र औपन्यासिक उद्देश्यलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ । 'अलिखित' उपन्यासमा गरिबी, रोग, अभाव, अशिक्षाले ग्रस्त विरहिनपुर बरेवा गाउँ दुर्योधनले जीवनको अन्तिम अवस्थामा मणि-माणिक्य, सुन-चाँदी आदि धनसम्पत्ति दोरहन्तल तालमा छाडेर गएकोले त्यसैको विश्वास, प्राप्तिको आशा, लोभ सँगालेर बाँचेको छ । शासकीय शोषण,क्रूरता, असमानताबाट आक्रान्त बरेवाबासी महाभारतकालीन मिथकका रूपमा आएको दोरहन्तल तालको किंवदन्तीमा लुकाइएको धनसम्पत्तिको लोभ र आशामा जीवन बिताइदिएको बरेवाको निर्मम यथार्थको चित्रणबाट सिङ्गो देशको यथार्थलाई अभिव्यक्त गर्न उपन्यासको मिथक सफल भएको छ । त्यसैगरी 'भीमसेनको-४ को खोजी' उपन्यासमा पनि गरिबी, अभाव, शोषण, विभेद, क्रूरता र अवसरवादिताले आक्रान्त समाज चित्रणका लागि उपन्यासकारले महाभारतको मिथकमा रहेको एकचक्रा नगरीलाई आधार बनाएका छन् । मिथकको एकचक्रा नगरीमा तर्कासुर नामक क्रूर, अत्याचारी शासकले शासन गरेको छ । उसले एकचक्रालाई लुटको स्वर्ग बनाएको छ । गरिबी, अभाव, रोग, भोक, असमानता नियति बनेको त्यस शासनमा चाकडीबाजको र अवसरवादको ठूलो स्थान छ । यतिसम्म कि कुनै आयोगको सदस्य चौपायालाई बनाइएको छ । यसको मतलब विवेक नभएका र चाकडीबाजहरूको बिगबिगी छ । तर्कासुर जनतालाई मनोरञ्जनको साधन ठान्छ र कहिलेकाहीँ नारा जुलुस गर्न लगाउँछ । शोषित-पीडित जनता जसरी मिथकका भीमसेनले तर्कासुरलाई मारेर अन्याय र शोषणको अन्त्य गरेका थिए, त्यसैगरी भीमसेन-४ को खोजीमा लागेको देखाइएको छ । यसमार्फत प्रजातन्त्रोत्तर समकालीन नेपाली शासन र शासक पनि तर्कासुर जस्तै भ्रष्ट, शोषक र उत्पीडक, चाकडीमा रमाउने, जनतालाई केवल भोटबैंक मात्र ठान्ने तर्कासुर जस्तै भएकाले कुशल शासक आवश्यक छ वा आउनु पर्छ भन्ने औपन्यासिक कथ्य अभिव्यक्त भएको छ । त्यसैले 'अलिखित' र 'भीमसेन-४ को खोजी' दुवै उपन्यास मिथकीय सन्दर्भहरूको माध्यमबाट उपन्यासको विषयलाई तीक्ष्ण र प्रभावकारी रूपमा प्रस्तुत गर्न सफल भएका छन् ।*

प्रमुख शब्दहरू : मिथकीय, अतिप्राकृत, अचेतन, प्रतिकृति, समकालीन, प्रतीकात्मक,

अवसरवाद

## परिचय

वि.सं. २०२० सालमा जन्मेका ध्रुवचन्द्र गौतम स्थापित प्रसिद्ध उपन्यासकार हुन् । ध्रुवचन्द्र गौतमको दर्जनौँ उपन्यासहरूमध्ये 'अलिखित' र 'भीमसेन-४ को खोजी' गरी दुई उपन्यास मिथकीय सन्दर्भहरूको उपयोग गरी लेखिएका उपन्यास हुन् । उनका उपन्यासहरूलाई विषयवस्तुका विविध कोणहरूबाट व्याख्या विश्लेषण गर्न सकिन्छ । यस अनुसन्धानात्मक लेखमा भने उनका मिथक प्रयोग गरी लेखिएका दुई उपन्यासहरूको मिथकीय सन्दर्भका आधारमा अध्ययन-विश्लेषण गर्ने उद्देश्य राखिएको छ । 'अलिखित'

उपन्यासमा मूल रूपमा आफ्नो अन्तिम समयमा दुर्योधन दोरहन्तल तालमा आएर धनसम्पत्ति लुकाएको भन्ने महाभारतको मिथकलाई वर्तमान समाजजीवनको यथार्थ चित्रणका लागि उपयोग गरिएको छ । यसका साथै हनुमान, कृष्ण, जरासन्ध आदिजस्ता मिथकीय पात्रहरूलाई पनि उपयोग गरिएको छ । त्यसैगरी 'भीमसेन-४ को खोजी' उपन्यासमा पनि महाभारतकालीन एकचक्रा नगरी र त्यहाँको तर्कासुरको मिथक उल्लेख गरी जसरी शोषण, उत्पीडन र अन्यायका साथ तर्कासुरको राज्य चलेको थियो त्यसरी नै प्रजातन्त्रोत्तर नेपाल अर्थात् समकालीन नेपाली राज्यसत्ता चलिरहेको छ, त्यसैले तर्कासुरको अन्त्यका लागि 'भीमसेन-४ को खोजी' गरेजस्तै समकालीन नेपाली शासकको अन्त्यका लागि पनि सक्षम, सबल र जनप्रिय शासकको खोजी गर्नुपर्ने औपन्यासिक कथ्य प्रवाहित गरिएको छ । मिथकीय सन्दर्भको उपयोगले उपन्यासको उद्देश्य परिपूर्तिमा प्रभावकारी भूमिका निर्वाह गरेको छ ।

## समस्याकथन

'मिथक' को अर्थ के हो ? उपन्यासकार ध्रुवचन्द्र गौतमका उपन्यासमा केकस्ता मिथकीय सन्दर्भहरूको उपयोग गरिएको छ र तिनको प्रभावकारिता केकस्तो छ ? भन्ने समस्या नै यस अनुसन्धानका समस्या हुन् ।

### उद्देश्य

मिथकको अर्थ पहिल्याउनु, उपन्यासकार ध्रुवचन्द्र गौतमका उपन्यासमा प्रयुक्त मिथकीय सन्दर्भहरूको खोजी गर्दै त्यसको प्रभावकारिता औँल्याउनु यस अनुसन्धानका उद्देश्य हुन् ।

### अनुसन्धानविधि

अङ्ग्रेजी र हिन्दीका सिद्धान्तका पुस्तकबाट मिथकका अवधारणाहरूको खोजी गरिएको छ । त्यसैगरी उपन्याससम्बन्धी विभिन्न समालोचनात्मक पुस्तक पत्रपत्रिका शोधप्रबन्धहरूबाट पनि धारणा लिइएको छ । यस्ता पुस्तकहरूलाई पुस्तकालय, प्रकाशन गृह र पुस्तक पसलहरूबाट खोजी गरिएको छ । त्यसैले यसमा सामग्रीहरूको सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ ।

सङ्कलित सामग्रीहरूको क्रमबद्ध र व्यवस्थित अध्ययन गरी अनुसन्धेय विषयलाई प्रस्ट ढङ्गबाट प्रस्तुत गर्ने सन्दर्भमा विश्लेषणात्मक र तुलनात्मक विधिको उपयोग गरिएको छ ।

## उपन्यासकारका रूपमा ध्रुवचन्द्र गौतम

वि.सं. २००० साल पौष २ मा जन्मेका ध्रुवचन्द गौतम नेपाली आख्यान-परम्पराको स्थापित नाम हो । उनले वि.सं. २०२० सालमा रूपरेखा पत्रिकामा 'एक यात्रानुभूति' कथा प्रकाशन गरेर आफ्नो साहित्य यात्रा प्रारम्भ गरेका थिए (गौतम र अधिकारी, २०७२ : २५९) । उनका दर्जनौँ उपन्यास र कथाहरूको सिर्जन-परम्परा हेर्दा तिनले कविता साहित्यका महाकवि देवकोटालाई सम्झाउन पुग्छन् । नेपाली आख्यान-परम्परालाई हेर्ने हो भने सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उनका सिर्जनाहरू अब्बल छन् । त्यसैले उनी आख्यान साहित्यका अभिव्यक्तिका पैगम्बर हुन् । उनले हालसम्म लेखन र प्रकाशन गरेका उपन्यासहरू हुन् : 'अन्त्यपछि' (२०२४), 'बालुवामाथि' (२०२८), 'डापी' (२०३३), 'कट्टेल सरको चोटपटक' (२०३७), 'अलिखित' (२०४०), 'निमित्त नायक' (२०४३), 'स्वर्गीय हीरादेवीको खोज' (२०४५), 'दुविधा'(२०५२), 'उपसंहार अर्थात् चौँथो अन्त्य' (२०४८), 'दुविधा' .(२०५२), 'अग्निदत्त+अग्निदत्त' (२०५३), 'फूलको आतङ्क' (२०५५), 'बाढी' (२०५६), 'सहस्राब्दीको अन्तिम प्रेमकथा' (२०५६), 'मौन' (२०५८), 'तथाकथित' (२०५९), 'भीमसेन-४ को खोजी'

(२०६१), 'घुर्मी' (२०६२), 'जेलिएको' (२०६२) । उनले सहलेखनमा चारओटा उपन्यास लेखेका छन्, ती हुन् : 'आकाश विभाजित छ' (२०३०), 'देहमुक्त' (२०४४), 'अवतार विघटन' (२०४५) र 'ज्यागा' (२०५०) (बराल र एटम, २०६३ : २८३) । यसरी करिब-करिब सङ्ख्यात्मक दृष्टिले दुई दर्जन नजिक र उत्तिकै गुणात्मक उपन्यास-लेखन नेपाली उपन्यास परम्पराको विशिष्ट यात्रा हो ।

ध्रुवचन्द्र गौतमले आफ्ना उपन्यासमा नयाँ-नयाँ विचार, सिद्धान्त, मूल्य र प्रवृत्तिहरूको सुन्दर प्रयोग गरेका छन् । उनले मानव-अस्तित्व र विसङ्गति, तिनका नग्नता र विद्रुपता, सन्त्रास र भय, स्थानीयता, सूक्ष्म यथार्थ र आलोचना, स्वैरकल्पना, मिथक आदिलाई जीवन्त ढङ्गले उपन्यासमा प्रस्तुत गरेका छन् । यो अनुसन्धानात्मक लेख गौतमका मिथकीय उपन्यासहरूको विश्लेषणमा केन्द्रित रहेको छ ।

## मिथकको व्युत्पत्ति, अर्थ र साहित्यिक सन्दर्भ

अङ्ग्रेजीमा प्रचलित रहेको 'मिथ' (Myth) शब्दलाई हिन्दीमा मिथक भनिन्छ । ग्रिस भाषाको 'मुथोस' (Muthos) बाट अङ्ग्रेजी भाषामा 'मिथ' शब्द विकसित भएको हो । ग्रिसमा मुखोच्चारित वाणीलाई मिथक भनिन्थ्यो (कडन, सन् १९६२ : ५६२) । प्लेटोले आख्यानको एउटा प्रकारमा रूपमा मिथकलाई हेरेका थिए । 'मिथ' शब्द ग्रिसेली 'मुथोस', ल्याटिनको 'मिथस' र जर्मनीको 'मिथोस' को ऋणी छ (श्रीवास्तव, सन् २००३ : १२३) । यसरी मिथस, मिथोस र मुथोसबाट अङ्ग्रेजीमा मिथ शब्द विकसित भएको देखिन्छ । हिन्दीमा भने साहित्यकार हजारीप्रसाद द्विवेदीले 'मिथ' शब्दमा 'क' प्रत्यय थपिदिएर 'मिथक' शब्दको निर्माण गरेका हुन् ( सिंह, सन् १९८८ : १२) । नेपालीमा यसै प्रयोगलाई अनुसरण गरेको पाइन्छ । आफ्नो 'दस दृष्टिकोण' नामक कृतिमा साहित्यकार जगदीशसम्शेर राणाले मिथका सट्टामा मिथक शब्द नै व्यवहृत गर्न उपयुक्त हुने विचार व्यक्त गरेका छन् (राणा, २०४५ : २९८) । यसरी नेपाली भाषा-साहित्यमा मिथका ठाउँमा मिथक शब्दको प्रयोग र प्रचलन बढ्दै गयो । सामान्यतया पूराकथाका रूपमा बुझ्ने गरिए पनि यस शब्दले मिथकको समग्र अर्थलाई संवहन गर्न सक्दैन । कार्ल गुस्ताव युङ्ग, क्लाउड लेभी-स्ट्रस, रोलाँ बार्थ आदि लेखक-चिन्तकहरूका मनोवैज्ञानिक, भाषाशास्त्रीय, मानवशास्त्रीय व्याख्या विश्लेषणले मिथको अर्थविस्तार गरेको छ र मिथकलाई अतीतको विषय मात्र नठानी ऐतिहासिक-सांस्कृतिक विकासको क्रमसँगै मिथकको सन्दर्भ एवं विकास गतिशील बनिरहेको छ (मल्ल, सन् २०१६ : २८) । अत : अङ्ग्रेजी मिथको उपयुक्त नेपाली प्रयोग मिथक हुन जान्छ ।

मिथक मूलतः सृष्टिका तत्वसम्बन्धी रहस्यको उद्घाटनमा केन्द्रित हुन्छ । यसमा अतिप्राकृत,अलौकिक, अद्भुत र चामत्कारिक वातावरण रहेको हुन्छ । यसले सामूहिक आस्थालाई अभिव्यक्त गर्दछ र यो आख्यानात्मक हुन्छ । यस्ता आख्यानहरू परम्परागत हुन्छन् । मिथकमा परिवर्तनशीलता हुन्छ, त्यसैले यसमा युगीन सन्दर्भ अनुसार नयाँ मूल्यवत्ता ग्रहण गर्ने क्षमता रहन्छ । मिथक नयाँ-नयाँ रूपाकृतिमा रूपान्तरण हुँदै नवनिर्माणको प्रक्रियामा चालू रहिरहन्छ । यो भ्रमात्मक नभई यसमा अनुभूतिजन्य सत्य, आदिम कल्पना र त्यसको आख्यान सँगसँगै उनिएर आएका हुन्छन् । यसमा जातीय संस्कृतिको कल्पनात्मक प्रस्तुतिमा जीवनगत सत्य र इतिहासको विशाल चित्रपट उनिएर आएको हुन्छ । ज्ञानका आधुनिक विधाहरूमध्ये मिथकलाई सबैभन्दा बढी दोहन गर्ने विधा साहित्य हो । साहित्यकारले आफ्ना साहित्यमा मिथकलाई आधार बनाएर आफ्नो जातीय आस्था, वैयक्तिक वा सामूहिक विश्वासलाई अभिव्यक्त गर्न सक्छ ( बड्किन, सन् १९९० : २३२) । मिथक आधुनिक साहित्यको स्रोत, माध्यम वा आधार बनेर आएको छ र यसमा आधारित सिर्जनाहरू कालजयी बन्न पुगेका छन् । मिथकमा आएका आख्यानहरूको दुरूस्त प्रस्तुति आधुनिक साहित्यको उद्देश्य होइन र हुनु पनि हुँदैन । आधुनिक साहित्यल त मिथकीय आख्यानहरूलाई वर्तमान

सन्दर्भमा उपयोग गर्दै त्यसलाई आजको सान्दर्भिकतामा प्रस्तुत गर्न सक्नुपर्दछ । जेम्स ज्वायसको 'युलिसस' मा मिथकलाई संस्कृतिको निरन्तर अचेतनसँग जोडिएको छ (बेल, सन् २००६ : १२२) । मिथकसँग जोडिएर वर्तमान उद्भासित गर्न सफल भएकोले यो उपन्यास सार्वकालीन बनेर रहेको छ । त्यसैगरी अल्बर्ट कामूको 'दि मिथ अफ सिसिफस' सल्मान रूस्दीको 'दि सटानिक भर्सेस', प्रसादको 'कामायनी' र विश्वेश्वरप्रसाद कोइरालाको 'मोदिआइन' जस्ता प्रसिद्ध कृतिहरूले मिथकको पुनसृजन गरी सार्वभौम सत्य उद्भाषित गर्न सफल भएका छन् (मल्ल, सन् २०१४ : १५३) । त्यसैले साहित्यमा मिथकलाई जति नयाँ मूल्य प्रदान गरी प्रस्तुत गर्न सकियो साहित्यिक कृति त्यति नै सशक्त बन्न पुग्छ ।

## ध्रुवचन्द गौतमका उपन्यासमा मिथकीय सन्दर्भ

नेपाली उपन्यास परम्परामा प्राथमिक र माध्यमिक कालखण्डमा कतिपय आख्यानात्मक कृतिहरूमा मिथक-प्रयोगको स्थिति देखिए पनि त्यसलाई नयाँ सन्दर्भमा प्रयोग गर्ने परम्पराको थालनी आधुनिक कालमा मात्र देखा परेको हो । आधुनिक कालमा उपन्यासकारहरूले मिथकलाई नयाँ अर्थवत्तामा उपयोग गरी नवीन मूल्य प्रदान गरेका छन् र आफ्ना कृतिलाई शिल्प र कथ्य दुवै दृष्टिले उपल्लो स्तरको बनाएका छन् । नेपाली उपन्यास परम्परामा विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा' (२०२७), 'मोदिआइन' (२०३६), 'हिटलर र यहुदी' ( २०४०), मदनमणि दीक्षितको 'माधबी' (२०३९) हुँदै ध्रुवचन्द्र गौतमको 'अलिखित' (२०४०) सम्म आइपुग्दा मिथकमा आधारित उपन्यास लेखनको मिथकीय धारा स्थापित भइसकेको पाइन्छ । ध्रुवचन्द्र गौतममा औपन्यासिक कथ्यको सशक्तता तथा प्रभावकारिताका लागि मिथकलाई उपयोग गर्ने प्रवृत्ति पाइन्छ । मिथक उनका औपन्यासिक विषयवस्तुको सम्पूर्ण आधार बनेर नआए पनि कथ्यको सटिक र मर्मस्पर्शी अभिव्यक्तिका लागि उनले आंशिक एवं टुक्रा मिथकहरूको उपयोग गरेका छन् । यसले विषयवस्तुलाई संवेद्य बनाएको छ । उपन्यासकार गौतमले दर्जनौं उपन्यासहरू संरचना गरेको भए पनि 'अलिखित' (२०४०) र 'भीमसेन-४ को खोजी' (२०६१) उपन्यासमा मात्र मिथक उपयोग गरेको पाइन्छ । त्यसैले यी दुई गौतमका मिथकीय उपन्यास हुन् । यिनले नेपाली मिथकीय उपन्यास-लेखनको परम्परालाई सुदृढ गर्न बल पुऱ्याएका छन् ।

उपन्यासकार ध्रुवचन्द्र गौतमको 'अलिखित' उपन्यास उनको लेखन-अवधिको कलात्मकमध्ये एक बन्न पुगेको छ । यसमा मधेसको कुनै एक गाउँको अशिक्षा, शोषण, अन्याय, उत्पीडन, गरिबी, अभाव आदिको सूक्ष्म चित्रण गर्दै सिङ्गो देशको विद्रुप अवस्थाको चित्र उतारिएको छ । विरहिनपुर बरेवा नामले चिनिने मधेसको कुनै एउटा गाउँ अर्को गाउँका डाँकाहरूबाट लुटिने नियति भोगेर बाँच्न बाध्य छन् भने सरकार सोही गाउँमा उत्खनन गरी नयाँ गाउँ पत्ता लगाउने अनुसन्धानकर्ताहरूको टोली पठाउँछ । एकातिर विरहिनपुर बरेवा देशकै नक्सामा छैन, अर्को नयाँ गाउँ उत्खननको सरकारी नाटक मञ्चन छ । त्यसैगरी गरिबी र अभावमा पिल्सिएको गाउँ र त्यहाँका वासिन्दाहरूप्रतिको संवेदनशीलताभन्दा नयाँ-नयाँ गाउँ पत्ता लगाउने सरकारी चिन्ता देखाएर उपन्यासकारले शासकीय व्यवहारप्रति तीखो प्रहार गरेका छन् । राज्यसत्ताको निर्लज्ज मखुण्डोको पर्दाफास गरेका छन् । यसरी "विरहिनपुर बरेवाको यथार्थको चित्रणले सिङ्गो नेपाली समाजको यथार्थलाई चित्रण गर्ने सन्दर्भमा उपन्यासले मिथकलाई पनि एउटा माध्यमका रूपमा लिएको छ (मल्ल, २०६८ : १२७) ।" उपन्यासलाई जसरी स्वैरकल्पना र असित व्यङ्ग्यले प्रभावोत्पादक एवं अभिव्यञ्जनाशील बनाएका छन् । त्यसै गरी मिथकीय सन्दर्भले पनि कलात्मक र अभिव्यञ्जनात्मक बनाउन निकै मद्दत पुऱ्याएको छ ।

'अलिखित' उपन्यासमा आंशिक वा टुक्रे मिथकको प्रयोग गरिएको छ । सामाजिक जीवनका विसङ्गत, विद्रुपता तथा कुरूपता, असमानता, अन्याय, शोषण-उत्पीडन, अन्धविश्वास, आशा-निराशा, लोभ-मोह आदि चित्रणका

लागि उपन्यासमा मिथकको प्रयोग गरिएको छ । उपन्यासमा अभिव्यक्त भएका यस्ता विषयवस्तुहरू मिथकका सहायताले संवेद्य र मार्मिक बन्न पुगेका छन् । यसले पाठकका मनमस्तिष्कलाई झङ्कृत गराइदिन्छ । "मिथकीय किंवदन्तीहरू त्यही लोकको रम्यकथा र अभिधात्मक सत्यमा परिमित हुँदैनन्, अर्कै व्यञ्जना र इतिहास सँगालेका हुन्छन्, जसले गर्दा तिनीहरू बढी सार्थक हुन्छन् । यहाँ 'अलिखित' चाहिँ यस्ता किंवदन्तीहरूले लौकिक वर्तमानको प्रतिकृति भएर समसामयिकताको जीवन धारण गरेको छ (प्रधान, २०५२ : ४१७) ।" समालोचक प्रधानले भनेझैँ यस उपन्यासमा मिथकहरू विरहिनपुर बरेवावासीहरूका आशा, लोभ, अकर्मण्यता, अन्धविश्वास आदिको चित्रणका लागि महत्त्वपूर्ण आधारका रूपमा उपयोग भएका छन् । उपन्यासमा धरीछन कोइली नामकी किंवदन्ती हाल्न सिपालु एक पात्रले दोरहन्तल पोखरीको सम्बन्ध महाभारतकालीन युद्धसँग देखाउँदै भन्छ :

... ... महाभारतको युद्धको अन्त्यतिर दुर्योधन प्रतिरक्षाका निमित्त द्वैपायन ह्रद भन्ने एउटा पोखरीभित्र लुक्दछन् । तर पाण्डवहरू, चक्रवर्ती दुर्योधनका पैतालामा रहेको चक्रको चिह्न धूलोमा हेर्दै, पछ्याउँदै पोखरीसम्म पुग्दछन् । पोखरीको किनारसम्म मात्र पाइलाको चक्र देख्दा र अन्यत्र नदेख्दा, तिनीहरूलाई विश्वास हुन्छ, दुर्योधन यसै पोखरीभित्र लुक्न गएका छन् । ... ...त्यसै पोखरीको किनारामा दुर्योधन र भीमसेनको युद्ध हुन्छ । दुर्योधन ज्यादै करूण अन्त्य प्राप्त गर्दछन् । जुन गदामाथि उनलाई आफ्नो वीरताको गर्व र आस्था थियो, अब त्यही गदाले उनी आफ्नो मासु लुछ्न आउने गिद्ध-कागहरूलाई हम्केर बसिरहे ( गौतम, २०६६ : ३७) ।

वास्तवमा मिथकको सरसरती वर्णनका लागि उपर्युक्त मिथक आएको होइन । बरेवा अशिक्षित गाउँ हो । चेतना नउदाएको गाउँको आफ्नै मूल्य र विश्वासहरू हुन्छन् । त्यही विश्वासलाई प्रकट गर्न माथिको भनाइ आएको छ । असत् वृत्तिको अन्त्य हुनै पर्छ जसरी दुर्योधनको दारुण-करुण अन्त्य भयो । गिद्ध र कागहरू घुम्ने लासमा परिणत भएको दुर्योधनको दुःखान्त अन्त्यलाई माथिको मिथकले वर्णन गरेको छ ।

उपन्यासमा मिथक, अशिक्षित गरिव मानिसहरूको आशा, इच्छा र विश्वासहरूको आधार बनेर आएको छ । गाउँलेहरू माथि वर्णित पोखरीमा अपार सम्पत्ति छ भन्ने विश्वास गर्दछन् । दुर्योधनको अन्त्यसँगै उनले आफूसँगै भएका हीरा-मोती, सुन, मणि-माणिक्य त्यसै दोरहन्तल तालमा छाडेर गएकोले त्यसलाई प्राप्ति गर्ने आशा उनीहरूमा रहेको बुझिन्छ । उपन्यासकार भन्छन् :

जे होस्, पोखरीबाट निस्कँदा, उनी ती सारा सम्पत्ति, हीरा-मोती, स्वर्ण, आभूषण, मणि, माणिक्य, सब दोरहन्तल पोखरीमै छाडेर आए (गौतम, २०६६ : ३८) ।

एक त त्यो पोखरी, त्यसै पनि लक्ष्मीले बास गरेको पोखरी रहेछ (गौतम, २०६६ : ३८) ।

पछि एक्लो, असहाय र दुःखी हुँदै गदा घुमाएर आत्मरक्षा गरिरहेका दुर्योधनले, आफ्नो शरीरका सबै आभूषण समेत एक-एक गरेर दोरहन्तलमै मिल्काइदिए (गौतम, २०६६: ३८) ।

विरहिनपुर बरेवा जति अशिक्षित छ त्यतिकै गरिव छ । त्यस्तो समाज जहाँ अन्धविश्वासहरू जीवनका मार्गनिर्देशक सिद्धान्त बनेर आउँछन् । चरम गरिवीले गर्दा दोरहन्तल पोखरीको धन लुकाएर मिथक उनीहरूको बाँच्ने जिजीविषाकै रूपमा समेत देखा पर्दछ । उनीहरू पोखरीको मिथकप्रति लोभिन्छन् र धनप्राप्तिको लालसामा जकडीरहन्छन् । "गौतम अर्थात् यस उपन्यासका लेखकले समेत आफू सानो हुँदा गाउँमा बस्ने गरेको र त्यस पोखरीलाई आफ्नो आशाको केन्द्र ठान्ने गरेको बताएका छन् । त्यो पोखरी गौतमको मात्र होइन

त्यस गाउँका सबै गरिब जनताको आशाको केन्द्र हुन्छ । त्यसलाई सम्झने बित्तिकै सबैमा लोभ र आशाको सञ्चार हुन्छ (मल्ल, २०६८ : १२९) ।" यस अनुभूति र भोगाइका बारेमा उपन्यासमा ध्रुवचन्द्र गौतम लेख्छन् :

म कैयौँ तरिकाले यस पोखरीको नायक आफूलाई पाउने गर्थें । कतिपटक मत्स्य वा कच्छप रूप धारण गरेर पोखरीको अतल गहिराइमा पुगेको हुन्थें । कतिपटक सूर्यको कुनै एउटा किरण सूर्यबाट उकासिदै, लम्किदैं आएको छ र कलम बनेर पोखरीको नीलो पाटीमा सुनौलो पालिसले मेरो नाउँ कोरेको छ । कतिपटक अगत्स्यमुनि बनेर मैले पोखरीको सारा आवरण अर्थात् पानी सोसेको छु र तालमा देखेको छु, त्यो हिरण्य ब्रह्माण्ड (गौतम, २०६६ : ३९-४०) ।

दोरहन्तल ताल, विरहिनपुर बरेवाका गाउँलेहरूको बाँच्ने आशाको महत्त्वपूर्ण आधार हो । तथ्यहीनतामा पनि सत्यको लेप लाउँदै जीवन बिताएको समकालीन यथार्थ तालरूपी मिथकका माध्यमबाट अभिव्यक्त भएको छ । एकातिर प्रविधिले सुसज्जित आधुनिक सभ्यता अर्कोतिर मिथकहरूमा वर्णित घटनाहरूले तानेर जिउनु परेको शताब्दियौँ अधिको नेपाली समाज । कस्तो विडम्बना र योभन्दा अर्को पीडान्त कथा दुनियाँको कुन पो समाजमा होला र ? उपन्यासमा भनिएको छ : "यो नसोधियोस् यो स्वप्न हुने गर्थ्यो कि यथार्थ ? त्यस बखत यसको वास्ता कसले गरोस् ? सब एक बन्न जान्थे, किनभने भ्रममा पनि त भ्रम गरून्जेल मान्छे भ्रमलाई नै सत्य ठानिरहन्छ (गौतम, २०६६ : ४०) ।" यो स्वप्निल संसारमा रमाउने त्यहाँको जिन्दगानीको जीवन्त चित्रण हो । मिथकले सिर्जना गरिदिएको भ्रम र जीवनका जिजीविषाहरूको यात्राले कथित आधुनिक सभ्यतामाथि शब्दहरूले घातक प्रहार गरेका छन् । यस मिथकका बारेमा उपन्यासको एक पात्र नरेन्द्र जोशी भन्छ : "यो जुन पोखरीको कथा हो, त्यो पुराणको कथा हो कि यिनीहरूको गरिबीको कथा हो (गौतम, २०६६ : ४०) ।" नरेन्द्र जोशीको यो भनाइ हाम्रो समाजको चरम गरिबीप्रतिको व्यङ्ग्य हो जुन मिथकमा टेकेर आएको छ । त्यसैगरी उपन्यासमा नदीबाट निस्कने वाफलाई लङ्कादहनपछि हनुमानले पुच्छर चोपेको मिथकसँग जोडेर हेरिएको छ भने कृष्ण, जरासन्ध, अर्जुन आदिका मिथकीय सन्दर्भले पनि स्थान पाएका छन् । वास्तवमा "उपन्यासमा दोरहन्तल पोखरीको उत्पत्तिलाई महाभारतको दुर्योधनको मिथकसँग जोड्दै गाउँको चरम गरिबी र उनीहरूको आशामुखी जीवनको यथार्थलाई व्यङ्ग्यात्मक र प्रतीकात्मक अभिव्यक्ति दिइएको छ । दुर्योधन र दोरहन्तलको मिथक गाउँको गरिबी, पीडा र अभावलाई तीक्ष्ण व्यङ्ग्यका साथ प्रस्तुत गर्ने महत्त्वपूर्ण माध्यम बनेर आएको छ । ...प्राचीन मिथकले नयाँ अर्थवत्ता प्राप्त गरेको छ (मल्ल, २०६८ : १२९) ।" औपन्यासिक कथ्यमा प्रभावकारिता र मर्मस्पर्शिता ल्याउनका लागि उपन्यासमा मिथकहरूको उपयोग गरिएको छ ।

'अलिखित' उपन्यास मिथकलाई मूल आधार बनाएर लेखिएको उपन्यास नभए पनि उपन्यासकारले सामाजिक जीवनका नग्न यथार्थ, लोभ-मोह, अन्धविश्वास, गरिवी, अकर्मण्यता, आशावादिता, विसङ्गति र विद्रुपताको चित्रण गर्न एवं शासकीय अकर्मण्यताको पर्दाफास गर्न आंशिक मिथकको उपयोग गरी लेखिएको उत्कृष्ट औपन्यासिक कृति हो । यसलाई उत्कृष्टता प्रदान गर्न नयाँ सन्दर्भ दिएर नवीन मूल्यवत्तामा उपयोग गरिएका टुक्रे मिथकहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । त्यसैले यस उपन्यासमा मिथकीय सन्दर्भले सार्थकता प्राप्त गरेको छ ।

उपन्यासकार ध्रुवचन्द्र गौतमको 'भीमसेन-४ को खोजी' पनि 'अलिखित' झैँ आंशिक वा टुक्रे मिथकहरूको उपयोग गरी रचना गरिएको उपन्यास हो । उपन्यासकार गौतमका अन्य उपन्यासमाझैँ यस उपन्यासले पनि देश भ्रष्टाचार, बेथिति, शोषण, असमानता र शासकका मनमौजी आततायी व्यवहारबाट

थिलथिला भएको यथार्थको उद्घाटन गरेको छ । यस्तो यथार्थलाई उद्घाटन गर्नका लागि उनले 'अलिखित' मा झैँ यसमा पनि मिथकीय सन्दर्भलाई उप्काएका छन् । मिथकीय घटना तथा प्रतीकहरू औपन्यासिक कथ्य उद्भाषित गर्न सक्षम पनि भएका छन् । उपन्यासकारले पराशर ऋषि, मत्स्यगन्धा र एकचक्रा नगरीको मिथकलाई यस सन्दर्भमा उपयोग गरेका छन् । वर्तमान शासन-प्रणाली शोषणयुक्त छ, अत्याचारले भरिपूर्ण छ । एकातिर जनता झन्-झन् गरिबीको चक्रमा पिल्सिँदै गएको छ, विहान-बेलुकीको छाक टार्न धौधौ भइरहेको छ एकथरि अर्कोतिर शासक ठूला-ठूला भाषण र गफमा रमाएको परिस्थिति छ । समाज चरम अवसरवादमा अघि बढेको छ र जनताका आवश्यकता एकातिर शासकहरूको रूचि अर्कोतिर भएको एवं जनताप्रतिको संवेदना लुप्त भएको अवस्थालाई पराशर ऋषि र मत्स्यगन्धाको मिथकबाट प्रस्तुत गरिएको छ । जनतालाई छाक जुटाउन गाह्रो भइरहेको छ एक...मानिसहरूलाई शासक अमेरिका पठाउने योजनामा छ र नदीको बाक्लो कुहिरोको अनुसन्धान परीक्षणको सिलसिला अघि बढाउने निधो गर्छ । उपन्यासमा भनिएको छ :

अन्तत : तिनीहरूले घोषणा गरे-यो महाभारतकालीन कुहिरो हो, जुन उत्पन्न गरेर पराशर ऋषिले मत्स्यगन्धा र आफूलाई नदेखिने तुल्याएका थिए । त्यसपछि मत्स्यगन्धाको विधिवत् कुमारित्व हरण गर्दै कुमारित्व रहिरहने अनुपम वरदान दिएका थिए (गौतम, २०६१ : १४)

कुहिरोमा कताकता माछाको गन्ध मिसिएझैँ लाग्यो । महाभारतकी मत्स्यगन्धाको देहगन्ध । त्यो अहिले प्रत्येकलाई मादक गन्धझैँ लागिरहेको थियो । त्यस्तोमा...मौका पाइनेले...मौका लिएकै हुनुपर्दछ (गौतम, २०६१ : १५) ।

मान्छे चरम अवसरको खोजी गर्ने र अवसरवादमा रमाउने एवं चरम दुराचार यौनाचारले भ्रष्टीकरण भएको छ भन्ने समकालीन यथार्थलाई उपर्युक्त मिथकबाट प्रष्ट पार्न खोजिएको छ । आफ्ना काला कर्तूतहरूलाई ढाकछोप गरी पर्दापछाडिबाट अवैध र गैरकानुनी कार्यमा संलग्नहरूको बिगबिगी वर्तमान समाजमा व्याप्त छ भन्ने तथ्यलाई माथिको पराशर र मत्स्यगन्धाको मिथकबाट स्पष्ट पारिएको छ । उपन्यासमा आज शासन र त्यसका ठेकेदारहरू पराशर ऋषिलेझैँ कुमारित्व हरण गरेपश्चात पुन: कुमारित्व प्रदान गरेझैँ कालोलाई सेतो अथवा गलतलाई सही बनाउँदै आफ्ना स्वार्थहरू पूरा गर्न उद्यत छन् भन्ने तथ्यलाई मिथकका माध्यमबाट प्रभावकारी ढङ्गले चित्रण गरिएको छ ।

वि.सं. २०४६ पछिको प्रजातन्त्रोत्तर कालण्डमा पनि नेपालको शासन-व्यवस्थामा सुधार आउन सकेन । समानता र स्वतन्त्रताको मूलनारासहित पुनर्स्थापित भएको बहुदलीय प्रजातन्त्रका अभ्यासहरू जनपक्षीय हुन सकेनन् । शासकवर्ग मोटाउँदै जाने र जनता गरिबीको आगोमा पोलिँदै जाने स्थिति बनिरह्यो । यसै तथ्यलाई उजागर गर्नको लागि उपन्यासमा महाभारतकालीन एकचक्रा नगरीको मिथकलाई उपयोग गरिएको छ । त्यस नगरीमा तर्कासुर नाम गरेको शासक हुन्छ । उक्त शासकले मानिसको समेत भक्षण गर्दछ । ऊ क्रूर, हिंस्रक र अत्याचारी छ । आफ्ना लागि शासनको चरम दोहन गरेर प्रशस्त कुम्ल्याउने र कहिलेकाहीँ जनतालाई माया गरेजस्तो नाटक गर्न सिपालु छ त्यहाँको शासक तर्कासुर । "कहिलेकाहीँ ऊ नगर घुम्न निस्कन्छ, खुबै कल्याणकारी भएको ढोंग गर्दछ । उसले सबैलाई कष्ट छ भनेर सोध्ने गर्दछ । बेलुकाको भोजन नहुने व्यक्तिले समेत हात जोडेर केही कष्ट छैन हजुर भन्नुपर्ने हुन्छ (मल्ल, २०६८ : १३१) ।" देखाउनकै लागि भए पनि तर्कासुरले एकचक्रामा पानी, बत्ती, प्रजातन्त्र, बलात्कार आदिका कार्यक्रमहरू सञ्चालन गरेको हुन्छ । यसरी ढोंगी र आडम्बरी व्यवहार र प्रवृत्तिको माध्यमबाट एकातिर जनताको कल्याणकारी राज्य सञ्चालन गरेको जस्तो देखाउने त अर्कोतिर निमुखा जनतालाई तर्साउने कार्य गरेको पाइन्छ । उपन्यासकारका विचारमा

अहिलेको एकचक्रा नगरी महाभारतकालीन एकचक्रा नभएर ग्लोबल भिलेजको नयाँ रूपान्तर भएको एकचक्रा हो । तर्कासुर जनतालाई खेलौना सम्झन्छ र उनीहरूलाई आफ्नै पैतालाका धूल सम्झन्छ । ऊ कहिलेकाहीँ जनतालाई मनोवैज्ञानिक रूपमा तुष्टि दिलाउनका लागि नाराजुलुस गर्ने छुट दिन्छ र आफू पनि तनाबरहित हुने नाटक समेत गर्दछ । ऊ आफन्तहरूलाई भन्छ :

कहिलेकाहीँ जनतालाई यस्तो पनि गर्न दिनुपर्दछ । त्यसले साइकोलजिकल रिलिफ हुन्छ । आफूलाई शक्तिशाली र सम्प्रभु ठानेर धन्य हुन्छन् । अन्त्यमा यी म अजेयका आहारा त हुन् । म अजेयलाई यसले मनोरञ्जन मात्र दिँदैन । एकचक्रामा प्रजातन्त्र छ भन्ने भावना समुन्नत भएर जाग्रत हुन्छ । ममा यस नगरीका लागि केही गरूँ भन्ने उत्साह पनि पलाउँछ, तर यी बिचरा आहाराहरूलाई किन थाहा नभएको यहाँ जे दिइन्छ, मैद्वारा दिइन्छ अनि जे लिइन्छ, मैद्वारा लिइन्छ पनि (गौतम, २०६१ : २१) ।

उपन्यासमा आएका उपर्युक्त कथन र टिप्पणीले एकचक्राको तर्कासुरको प्रवृत्ति समकालीन शासकीय प्रवृत्तिको प्रतीक बनेर आएको छ । जनता खेलौना भएका छन्, उपहास र मनोरञ्जनका माध्यम मात्र बनेका छन् अर्थात् शासकीय लिप्सा र स्वार्थसिद्धिका आधार मात्र । तर्कासुर र एकचक्राकको मिथकका माध्यमबाट वर्तमान शासन र शासकीय प्रवृत्ति जीवन्त रूपमा उतारिएको छ ।

तर्कासुरको एकचक्रामा तेत्तीस कोटि मूर्तिमध्ये पाँचओटा मात्र बचाइएको, लेखक, विद्रोही र बुद्धिजीवीहरूसँग सतर्क रहने गरिएको गैरकानुनी आम्दानीलाई कानुनी बनाउने गरिएको मिथकीय सन्दर्भबाट उपन्यासमा वर्तमानता उद्भासित छ । तर्कासुर शान्तिको परेवा उडाउँछ र तिनलाई वाण हानी खसाल्छ । ऊ बेलाबेला आफ्ना आसेपासे, चाकरीकर्ताहरूलाई पद र अवसरहरू बाँड्ने घोषणा गर्दछ । उसको एकचक्रामा बुद्धिजीवीहरूलाई कानून मिलाएर थुन्ने र चौपायालाई आयोगको सदस्य बनाउने गरिन्छ । उपन्यासमा भनिएको छ : "...एउटा चौपाया अत्यन्त योग्य भएकाले कुनै आयोगको सदस्य बनाइएको थियो । चौपाया धमाधम एकचक्रामा नागरिकहरूलाई पूर्जी काट्न थालेको छ (गौतम, २०६१ : ४३) ।" यसरी त्यस नगरका स्वाभिमानी बौद्धिक नागरिकभन्दा चाकडी गर्ने पशुले अर्थात् स्वाँठहरूले अवसर पाउँथे भन्ने तथ्यलाई उपन्यासमा चौपाया, कुखुरा आदिले प्राप्त गरेका अवसरहरूबाट उजागर गरिएको छ । प्रजातन्त्रोत्तर नेपालको शासकीय प्रवृत्ति र चरम नातावाद, अवसरवाद र चाकडीवाद मौलाएको वास्तविकतालाई एकचक्राको मिथकीय सन्दर्भले प्रभावकारी रूपमा अभिव्यक्त गरेको छ । वास्तवमा नेपालको वर्तमान शासन-प्रणालीको प्रवृत्ति पनि दुरूस्त एकचक्रा नगरीको तर्कासुरको जस्तै छ । नातावाद, कृपावाद, चरम अवसरवाद र भ्रष्टाचारले चुर्लुम्म डुबेको नेपालको अहिलेको शासन-सत्ता तर्कासुरको एकचक्राभन्दा कत्ति पनि कम छैन । भ्रष्टाचारका ठूला-ठूला काण्ड र आफन्त भए चाकडी गरे क्षमताहीनलाई पनि ठूला-ठूला अवसर बाँडिएका छन् र त देश अधोगतितर्फ डोरिएको छ । वास्तवमा एकचक्रा नगरीको महाभारतीय मिथकले वर्तमानमा टड्कारा यथार्थ उद्घाटनमा मद्दत गरी 'भीमसेन-४ को खोजी' उपन्यासलाई कलात्मकता र उत्कृष्टता प्रदान गरेको छ ।

उपन्यासको एकचक्रा नगरीमा जेलभित्रमा कैदीहरू बाहिर निस्कन मान्दैनन् । त्यसको कारण उनीहरू भित्रै भए खान पाउने तर बाहिर आउनेबित्तिकै भोकै मर्नुपर्ने स्थिति त्यहाँ छ । कत्रो बिडम्बना र यसबाट त्यहाँ गरिबी र अभावको पहाड छ र त्यही अवस्था अहिले पनि छ भन्ने मिथकीय अनुकूलनता । एकचक्राका नागरिकहरूले द्वापरयुगमा भीमसेनले एकचक्रावासीलाई उद्धार गरेजस्तै भीमसेनको खोजी गर्नुपर्‍यो भन्ने निष्कर्ष निकालेका छन् । उनीहरू तेस्रो भीमसेनको खोजी त गर्दछन्, तर उसैलाई तर्कासुर आफ्नो प्रधानमन्त्री

बनाइदिन्छ । उसले त्रिचन्द्र, घण्टाघर, धरहरासँग फोहोरै फोहोरको दुर्गन्धित सहरका रूपमा विकास गरी एकचक्रालाई नै काठमाडौँ बनाइदिन्छ । यहाँ पनि मिथकले शासकहरू उदाउँदै गरेको नेतृत्वलाई कुर्ची दिएर कसरी चुकाउँछन् र प्राप्त गर्नेहरू कसरी चुक्छन् भन्ने वास्तविकता र काठमाडौँको दुर्गन्धित वातावरणलाई एकचक्राको मिथकीय प्रतीकात्मकताले बडो बलशाली अभिव्यक्ति प्रदान गरेको छ ।

'भीमसेन-४ को खोजी' उपन्यासले एकचक्रा नगरीको मिथकका माध्यमबाट समकालीन नेपाली राजनीतिक विकृति र बेथितिप्रति गम्भीर व्यङ्ग्य गरेको छ र यसलाई तर्कासुर जस्ता शासकहरूबाट अन्त्य गर्नुपर्दछ भन्ने औपन्यासिक कथ्य अभिव्यक्त गरेको छ । यसका लागि भीमसेन-४ को खोजी आवश्यक भएको विचार प्रकट गरेको छ ।

## निष्कर्ष

नेपाली उपन्यास लेखनको परम्परामा ध्रुवचन्द्र गौतमको विशिष्ट स्थान छ । उनले दर्जनौँ उपन्यास लेखेर नेपाली उपन्यास साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनले आफ्ना उपन्यासहरूमा नयाँ-नयाँ विचार र प्रवृत्तिहरूको प्रयोग गरेका छन् । उनले उपन्यासमा मानवजीवनको विसङ्गत विकृत पक्ष, नग्नता, सन्त्रास र भय, सूक्ष्म यथार्थ र त्यसको आलोचना, अस्तित्व, मिथक, स्वैरकल्पना आदिको प्रयोग गरेका छन् । उपन्यासमा मिथकीय सन्दर्भको प्रयोग उनको एउटा औपन्यासिक प्रवृत्ति बनेर आएको छ । गौतमका उपन्यासहरूमध्ये अभिव्यक्तिलाई सशक्त र व्यङ्ग्यात्मक बनाउन तथा कथ्यलाई प्रभावकारी बनाउन 'अलिखित' र 'भीमसेन-४ को खोजी' गरी दुईओटा उपन्यासमा मिथकीय सन्दर्भको उपयोग गरिएको छ । यी दुवै उपन्यासहरू मिथकलाई पूर्ण आधार बनाएर लेखिएको नभई आंशिक वा टुक्रे मिथकहरूको प्रयोग गरी लेखिएका हुन् । 'अलिखित' मा तराईको एउटा गाउँ विरहिनपुर बरेवाको चरम अभाव, गरिवी, लोभ, व्यभिचार, शोषण, अशिक्षा आदिको यथार्थतालाई उजागर गरिएको छ र त्यसका माध्यमबाट सिङ्गो नेपाली समाजको यथार्थलाई उद्घाटन गरिएको छ । त्यस गाउँका वासिन्दा महाभारतको दोरहन्तल पोखरीबाट त्यो प्राप्त गर्ने लोभ र आशामा जीवन गुजारेका छन् । दोरहन्तल तालको मिथकबाट बरेवाको सामाजिक यथार्थ र त्यसबाट समग्र नेपाली समाजको यथार्थलाई देखाइएको छ र टुक्रे मिथकका रूपमा आए पनि समकालीन जीवनका वास्तविकता एवं औपन्यासिक कथ्यको अभिव्यक्तिमा मिथकीय सन्दर्भ र प्रतीकात्मकताले प्रभावशालिता प्रदान गरेको छ । गौतमको 'भीमसेन-४ को खोजी' उपन्यासमा पनि आंशिक वा टुक्रे मिथकहरूको नै प्रयोग गरिएको छ । त्यसमा पराशर ऋषि र मत्स्यगन्धाको मिथकीय सन्दर्भले वर्तमानका शासक र मान्छेहरूका प्रवृत्ति औँल्याएका छन् । शासकका भोगविलास, अवसरवादिता र अनेक छलछामबाट स्वार्थ-सिद्ध गर्ने प्रवृत्तिलाई यी मिथकहरूले प्रतीकात्मकताका साथ प्रस्तुत गरेका छन् । यस उपन्यासमा मूल रूपमा महाभारतको मिथकका रूपमा एकचक्रा नगरीको शासक र जनताका अवस्थाबाट वर्तमान नेपाली शासनमा विकृति, विसङ्गति, शोषण-उत्पीडन, चरम नातावाद, चाकडीबाद, अवसरवाद, दमन र अन्यायको अभिव्यक्ति गरिएको छ । एकचक्रामा भ्रष्टाचार छ, अवसरवादिता छ, चाकडी-चाप्लुसी छ, शोषण छ र त्यहाँ जनतालाई खेलौनाका रूपमा लिइएको छ । वर्तमान नेपालको शासन प्रणाली पनि दुरूस्त त्यस्तै छ, त्यसकारण यस्तो विसङ्गतिपूर्ण, शोषणयुक्त, भ्रष्ट समाजको अन्त्य हुनुपर्छ भन्दै एकचक्राको तर्कासुरको अन्त्यका लागि भीमसेन-४ को खोजी गरेको देखाएर उक्त मिथकका माध्यमबाट नेपाली भ्रष्ट, शोषक, अनैतिक र गैरजिम्मेवार शासकको अन्त्य गरी भीमसेन-४ लाई अर्थात् समक्ष, इमान्दार, लोकतान्त्रिक शासकलाई सत्तामा ल्याउनुपर्ने औपन्यासिक कथ्य अभिव्यक्त गरिएको छ । यसरी उपन्यासकार ध्रुवचन्द्र गौतमले आफ्ना दुई उपन्यास 'अलिखित' र 'भीमसेन-४ को खोजी'

**मा आंशिक मिथकहरूको प्रयोग गरी समकालीन नेपाली सामाजिक-राजनीतिक जीवनका विसङ्गति, विद्रुपता, शोषण, भ्रष्टीकरण, अनैतिकता, असमानता, अन्याय आदिको अन्त्यको औपन्यासिक कथ्यलाई प्रवाह गरिएको छ । यस क्रममा मिथकीय सन्दर्भहरू बडो उपयोगी बनेर आएका छन् र औपन्यासिक उद्देश्यलाई तीक्ष्ण, मार्मिक र प्रभावशाली बनाएका छन्, जसले गर्दा उपल्लोस्तरको औपन्यासिक कलाको रचना भएको छ ।**

**सन्दर्भसूची**

Cudden, J.A. (1992), **The Penguin Dictionary of Literary Terms and Literary Theory,** Third edu London : Penguin Books.

Bell, Michael (2006), "Anthropology and /as myth in modern criticism", Patricia Waugh (ed.), **Theory and Criticism,** New Delhi : Oxford University.

Bodkin, Maud (1990), "Archetypal patterns in poetry", Susan Langer (Trans.), Raman Selden (ed.), **The theory of criticism,** from Plato to the present, U.K. : Longman Group.

गौतम, वासुदेव र गणेशराज अधिकारी (२०७२), नेपाली कथा र उपन्यास : सिद्धान्त र समीक्षा, परिमार्जित संस्करण, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), नेपाली उपन्यास र उपन्यासकार, तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि नेत्र एटम (२०६३), नेपाली कथा र उपन्यास, काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन

मल्ल, महेन्द्रकुमार (२०६८), आधुनिक नेपाली उपन्यासमा मिथक, विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर : त्रिवि ।

________, ________ (सन् २०१४), "मिथक र साहित्य", सुर्खेत जर्नल (वर्ष १, अङ्क १), सुर्खेत : रिसर्च कमिटी, सुर्खेत क्याम्पस, शिक्षा ।

________, ________ (सन् २०१६), "मिथक र प्रतीक, बिम्ब, स्वैरकल्पना एवं लोकसाहित्य", जर्नल अफ मल्टिडिसिपिलिनरी प्रस्पेक्टिभ्स इन हायर एजुकेसन

http://www.jimphe.com

राणा, जगदीशसम्शेर (२०४५), जगदीशसम्शेर राणाका दस दृष्टिकोण, काठमाडौँ : श्रीमती भुवन राणा ।

श्रीवास्तव, जगदीशप्रसाद (सन् १९८५), मिथकीय कल्पना और आधुनिक काव्य, वाराणसी : विश्वविद्यालय प्रकाशन ।

सिंह, मालती (सन् १९८८), मिथक : एक अनुशील्न, इलाहावाद : लोकभारती प्रकाशन ।